प्रदेश मन्त्रिपरिषद् बैठक संख्या-६०/२०७६को निर्णयहरू:

१. “सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लास्थित ब्यास गाउँपालिका अन्तर्गत पर्ने नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पीयाधुरालाई भारतले हालै जारी गरेको आफ्नो देशको नयाँ नक्सामा समावेश गरेको विषयप्रति सुदूरपश्चिम प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । सोही विषयलाई लिएर यस प्रदेशमा राष्ट्र र राष्ट्रियताप्रति व्यापक जनचासो समेत बढी रहेको अवस्था छ । उल्लिखित अन्तर्राष्ट्रिय सीमा सम्बन्धी विषय नेपालको संविधानको अनुसूची-५ बमोजिम संघको अधिकार क्षेत्रभित्र पर्ने भएकोले सो सम्बन्धमा नेपाल सरकारबाट भईरहेको पहलप्रति प्रतिबद्धता जनाउँदै उल्लिखित क्षेत्र र प्रदेशको अन्य भूभागमा नेपाल-भारत अन्तर्राष्ट्रिय सीमाका सन्दर्भमा देखिएको विवादलाई कुटनैतिक माध्यमबाट यथाशिघ्र समाधानका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।”

२. “सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लास्थित ब्यास गाउँपालिका वडा नं. २ को तुम्लिङ्ग देखि टिङ्कर र साङ्ग्रुसम्म नेपाली गाउँबस्ती भएर जाने घोडेटो बाटो नेपाल सरकारसंगको समन्वयमा प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले निर्माण गर्ने र सो का लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्ने ।”

३. “सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लास्थित कालापानी क्षेत्रलगायत यस प्रदेशको भारतसँग जोडिएका अन्य सीमाना र सीमा नाकामा आवश्यकता अनुसार BOP समेतको व्यवस्था सहित प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली